"धार्मिक पर्यटकीय क्षेत्र माङसेबुङ घुमौं,मौलिक भाषा, संस्कृति र भेषभुषामा रमाऔं"

# माङसेबुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

इभाङ, इलाम

१ नं. प्रदेश, नेपाल

प.सं. :- ०७६/७७

च.नं. :-

प्रथम पटक प्रकाशित मिति:२०७६/०९/२८

माङसेबुङ गाउँपालिकामा निम्न सेवा समुह तथा तहका पदहरुमा खुला प्रतियोगात्मक लिखित तथा मौखिक परिक्षाद्वारा पद पुर्ति गर्नु पर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेद्वारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकएको न्युनतम योग्यता पुगेका तथा प्रचलित कानुनले अयोग्य नठहरिएका उम्मेद्वारहरुले गाउँपालिकामा आवेदन दिनुपर्ने छ। परिक्षा कार्यक्रम आवेदन फर्म भर्ने म्याद सकिएपछि तोकिनेछ। यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन भित्र माङसेबुङ गाउँपालिकाको सिटिजन्स बैंक इन्टरनेसनल्स मा रहेको संचित कोष खाता नं. ०६९०१०००००२६२०१ मा जम्मा गरेको राजश्वको सक्कल भौचर सहित यस कार्यालयमा दरखास्त दिनहुन सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ। रित नपुगि वा म्याद नाघि आएका निबेदन उपर कुनै कार्बाहि हुने छैन ।

| क्र.स. | बिज्ञापन नं. | पद | तह | माग संख्या | दरखास्त दस्तुर | कार्यक्षेत्र |
|---|---|---|---|---|---|---|
| १. | ००२/०७६/७७ | अ.हे.व. | सहायक चौथो | १ | ४०० | गजुरमुखीधाम सामूदायिक स्वास्थ्य इकाई |
| २. | ००३/०७६/७७ | सामाजिक परिचालक | सहायक चौथो | १ | ४०० | गरिब संग विश्वेश्वर कार्यक्रम |

**परिक्षाको किसिम:** लिखित र अन्तर्वार्ता

**आवेदन फाराम बुझाउने स्थान:** माङसेबुङ गाउँपालिकाको कार्यालय, ईभाङ, इलाम।

**दरखास्त बुझाउने अवधि:** बिज्ञापन भएको मितिले १५औ दिनसम्म कार्यालय समयभित्र।

**पारिश्रमीक:** रु. १५,६००। **सेवाको किसिम:** करार।

**उमेरको हद:** अ.हे.व. को हकमा उमेर १८ बर्ष पूरा भई ४५ ननाघेको, सामाजिक परिचालकको हकमा पुरुष १८ बर्ष पुरा भइ ३५ ननाघेको र महिलाको हकमा १८ बर्ष पुरा भइ ४० ननाघेको।

आवेदन फाराम यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समयभित्र वा वेवसाइट www.mansebungmun.gov.np मा समेत प्राप्त गर्न सकिनेछ। छोटो सूचीमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित परिक्षामा सम्मेलित गराइनेछ। परिक्षा मिति र केन्द्र आवेदन फारामको म्याद सकिएपछि जानकारि गराइनेछ।

**शैक्षिक योग्यता र अनुभव**

१ नेपाली नागरिक हुनुपर्ने छ।

२ अ.हे.व.को हकमा नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट उल्लेखित बिषयको कोर्ष उतिर्ण गरेको। तालिम प्राप्त र अनुभवी उम्मेद्वारलाइ प्राथमिकता दिइनेछ। सामाजिक परिचालकको हकमा प्रवेशिका परिक्षा उत्तिर्ण गरेको हुनुपर्नेछ।

३ अ.हे.व. को हकमा सम्बन्धित परिषदबाट प्रमाणपत्र प्राप्त गरेको।

४ सामाजिक परिचालकको हकमा न्युनतम १ बर्ष सामाजिक परिचालकको रुपमा कार्य गरेको वा तालिम प्राप्त र समूह गठन, परिचालन सम्बन्धी कार्य अनुभव भएकोलाई प्राथमिकता दिइनेछ। स्थानीय उम्मेद्वारलाई प्राथमिकता दिइनेछ।

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ।(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्यका लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) को प्रतिलिपि, तालिम र अनुभव भएमा सो समेतको प्रतिलिपि।

थप जानकारीको लागि कार्यालयको फोन नं. ९८४२०६०८४३ वा ९८४२७६७२८८ मा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

डिल्लीराम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत